# नेपाली शिक्षाका विद्यार्थीको प्राज्ञिक लेखन अभ्यासको स्थिति

शक्तिराज नेपाल, पिएचडी[1]

[१]उपप्राध्यापक, महेन्द्ररत्न क्याम्पस, ताहाचल, त्रिवि

**Email**
snepal758@gmail.com

प्रकाशन : २०८३ असार
Publish: 2026 June

**Doi:**
**https://doi.org/10.3126/bns.v29i1.95337**

This is an open access article distributed under the terms and conditions of the Creative Commons Attribution (CC BY NC)
https://creativecommons.org/licenses/by/4.0
© 2026 by the author

**Journal**
विकासको निम्ति शिक्षा
Bikashko Nimti Shiksha
**ISSN:** 2616-0188 (Print)
3021-954X (Online)
**website:** https://www.nepjol.info/index.php/bns
**Published By**
Research Centre for Educational Innovation and Development (CERID)
http://cerid.tu.edu.np

## लेखसार

प्रस्तुत लेख नेपाली शिक्षाका विद्यार्थीहरूको प्राज्ञिक लेखन अभ्यासको वर्तमान अवस्थाको अध्ययनमा केन्द्रित छ । उच्च शिक्षामा प्राज्ञिक लेखनलाई ज्ञान निर्माण, वैचारिक अभिव्यक्ति र अनुसन्धेय सक्षमताको मूल आधारका रूपमा लिइने भएकाले नेपाली शिक्षा विषय अध्ययन गर्ने स्नातकोत्तर तहका विद्यार्थीहरूको प्राज्ञिक लेखन अभ्यासको सर्वेक्षण गर्नु यस अध्ययनको प्रमुख समस्या र उद्देश्य रहेको छ। परिमाणात्मक अध्ययन ढाँचाअन्तर्गत व्याख्यात्मक सर्भे विधि अपनाई यसमा बहुवैकल्पिक प्रश्नावलीमार्फत तथ्याङ्क सङ्कलन गरिएको छ । बहुस्तरीय क्षेत्रगत नमुनाका आधारमा आङ्गिक, सामुदायिक र संस्थागत क्याम्पसमा अध्ययनरत स्नातकोत्तर तेस्रो सेमेस्टरका २७० जना विद्यार्थीलाई यस अध्ययनमा छनौट गरिएको छ । त्यस जनसङ्ख्यालाई स्लोभिनको सूत्रानुसार गणना गर्दा अनि प्रतिक्रियाको अनुपलब्धताको प्रवृत्ति १०% राख्दा २०० जना विद्यार्थी नमुना छनोटमा परेका छन्। जम्मा १३ ओटा प्रश्नमा आधारित प्रश्नावलीमार्फत गोष्ठीपत्र लेखन, कृतिसमीक्षा लेखन, शोधप्रस्ताव लेखन तथा अन्य प्राज्ञिक लेखनलाई आश्रित चरका रूपमा लिई विद्यार्थीको लैङ्गिक पृष्ठभूमि, भाषिक प्रष्ठभूमि र क्याम्पसको प्रकृतिका आधारमा विश्लेषण गरिएको छ। अधिकांश विद्यार्थी शोधप्रस्ताव लेखनमा बढी अभ्यस्त देखिएका छन् भने गोष्ठीपत्र तथा अन्य लेखन अभ्यासमा अपेक्षाकृत न्यून संलग्नता पाइन्छ । छात्रा, एकभाषी र आङ्गिक क्याम्पसका विद्यार्थीमा शोधप्रस्ताव लेखनको अभ्यास बढी देखिएको छ। काइस्क्वाएर परीक्षण अनुसार लैङ्गिक पृष्ठभूमिले प्राज्ञिक लेखन अभ्यासमा प्रभाव पार्ने देखिएको छ। त्यसले लेखन अभ्यासमा असमानता र एकरूपताको कमी जनाउँछ। यस लेखले नेपाली शिक्षाका विद्यार्थीमा प्राज्ञिक लेखनको अभ्यास सुदृढ गर्न संरचित अभ्यास, नमुना लेखन, कक्षाशिक्षण र सरोकारवालाको सहभागितामा आधारित मार्गनिर्देशनको आवश्यकतालाई औँल्याएको छ।

***शब्दकुन्जी:*** प्राज्ञिक लेखन, गोष्ठीपत्र, कृतिसमीक्षा, शोधप्रस्ताव, सर्वेक्षण।

## अध्ययनको पृष्ठभूमि

लेखाइ सिपलाई भाषाका सिपहरू मध्ये विकसित र स्तरीय सिपका रूपमा माथिल्ला कक्षाहरूमा अभ्यास गरिन्छ। यसलाई व्यक्तिका लागि उपयोगी र विकसित सक्षमताका रूपमा लिइन्छ। भाषा सिपका सन्दर्भमा "व्यक्तिले आफूले अनुभव र ज्ञान गरेका कुराहरूलाई अरू समक्ष प्रस्तुत गर्न, ती कुराहरूलाई सम्झनामा राखिराख्न अथवा साँचिराख्न

र भविष्यमा आफू र अरूका लागि समेत उपयोगी बनाउन लेखाइले मद्दत गर्दछ" (शर्मा र पौडेल, २०६८, पृ.३६७)। भाषाका सिपमध्ये यसलाई कलासँग पनि जोडेर हेरिएको पाइन्छ। तसर्थ भाषाका हरेक सिपहरू निरन्तर अभ्यासबाट मात्र परिष्कृत बन्न सक्तछन्।

भाषा शिक्षणमा लेखाइलाई सिकाइको पनि अभिन्न अङ्ग मानिन्छ। "कक्षाका अधिकांश गतिविधिहरू लेखनकै सेरोफेरोमा घुम्दछन्। यस माध्यमले भाषिक तथा संज्ञानात्मक कार्यकलापहरू गराइन्छन्" (शर्मा र पौडेल, २०६८, पृ. ३६८)। भाषा शिक्षणलाई पनि सिकाइ उपलब्धिसँग जोडिन्छ। यसमा लेखाइ सिपअन्तर्गत पूर्ववर्ती र उत्तरवर्ती क्रियाकलापमार्फत् विकास हुने सिपको अभ्यास गराइन्छ। "कक्षाभित्रका तथा कक्षाबाहिरका शिक्षण सिकाइ कार्यकलापका रूपमा लेखाइलाई प्रशस्त मात्रामा उपयोग गरिन्छ" (अधिकारी, २०६७, पृ.१२२)। त्यसैले अन्य सिपको परिपक्वताका लागि पनि लेखाइ सिपको प्रयोग गरिन्छ।

लेखाइलाई भाषिक अभिव्यक्तिको परिपक्व सिपका रूपमा अपनाइन्छ। "लेखाइ सिपको अभ्यासका लागि कक्षाभित्र र बाहिर गर्न सकिने धेरै खालका विधि तथा पद्धतिहरू पाइन्छन्, तिनीहरूलाई हामीले छान्नुपर्दछ" (हार्मर, सन् २००३, पृ. २५७)। लेखाइको प्रक्रियालाई अलि जटिल प्रक्रियाका रूपमा लिइन्छ। "ती विभिन्न कार्यकलापहरूलाई प्रारम्भिक र उत्तरवर्ती गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ" (शर्मा र पौडेल, २०६८, पृ. ३७४)। लेखाइ सिपका उत्तरवर्ती क्रियाकलापका रूपमा सारांश उतार्न, प्रतिवेदन लेख्न, समीक्षा गर्न, परीक्षा दिन आदि कार्यमा पनि लेखन कलाकै संलग्नता रहने गर्दछ। भाषा शिक्षणको शिक्षण सिकाइ कार्यकलाप सञ्चालनपछि भाषाका प्रत्येक अपेक्षित क्रियाकलापमा सक्षमता प्राप्ति आवश्यक छ।

प्राज्ञिक लेखनलाई उच्च तहका विद्यार्थीको सिपसँग पनि जोडेर हेरिन्छ। "भाषा शिक्षणमा लेखाइ सिपका उत्तरवर्ती क्रियाकलापमार्फत् विकास हुने प्राज्ञिक लेखन सिपलाई उपल्ला कक्षाका विद्यार्थीसँग सम्बन्धित सिप मानिन्छ" (बेली, सन् २०११)। "माध्यमिक तहदेखि सामान्य सुरुवात गरी उच्च तहका लागि विशेष किसिमले प्रयोगमा ल्याउन सकिने लेखाइ वा लेखन कलाका कार्यकलापहरूलाई उत्तरवर्ती कार्यकलाप भन्न सकिन्छ" (शर्मा र पौडेल, २०६८, पृ. ३८५)। यसलाई बौद्धिक तथा वयस्क सिकारुले अभ्यास गर्ने लेखन कलाको उत्तरवर्ती क्रियाकलापका रूपमा लिइन्छ।

हरेक लेखनलाई उन्नत, वजनदार र औपचारिक बनाउने कार्यलाई प्राज्ञिक लेखन भन्ने गरिन्छ। "भाषा शिक्षणमा प्राज्ञिक लेखन भन्नाले मानवीय चिन्तन वा बुद्धिपक्षको प्रयोग भूमिमा आधारित अभिव्यक्तिलाई बुझिन्छ। दर्शन, वैचारिक लेख रचना आदिलाई प्राज्ञिक लेखन भनिन्छ" (भण्डारी, २०७७, पृ. ४)। यसको सम्बन्ध विचार तथा बौद्धिकता उत्पादन र विमर्शसँग पनि रहेको हुन्छ। "यो कुनै खास सिद्धान्त, चिन्तन, विचार, दृष्टिकोणको प्रधानता भएको अभिव्यक्तिसम्बन्धी लेखनका रूपमा चिनिन्छ" (लम्साल र खनाल, २०७८, पृ. ३५)। कुनै विषयका विज्ञले प्रस्ताव गरेको वा औपचारिक रूपमा कुनै अनुसन्धेय सामग्री प्रस्तुत गर्दा लेखिएको संरचनालाई प्राज्ञिक लेखनका रूपमा चिनिन्छ। यसलाई लेखनको एक स्तरीय कलाका रूपमा लिइन्छ।

समग्रमा भाषाका सिपमध्ये उत्कृष्ट तथा परिपक्व अवस्थामा विकसित हुने सक्षमताका रूपमा प्राज्ञिक लेखनलाई अपनाइएको पाइन्छ। "यो लेखनकलाको स्थापित लेखन हो, यसले शिक्षक, विद्यार्थी, अनुसन्धाता तथा अध्येतालाई व्यवस्थित साझा रूपमा एकरूपता कायम गरी लेख्न सहयोग पुर्याउँछ" (शर्मा, सन् २०२०, पृ. ६)। व्यक्तिगत तथा सिद्धान्तविहीन अनौपचारिक लेखनलाई प्राज्ञिक लेखन भनिँदैन। ओसिमा एन्ड हग (सन् २००७) ले पनि प्राज्ञिक

लेखनलाई उच्च तहका विद्यालय तथा कलेजमा प्रयोग हुने लेखनका रूपमा प्रस्तुत गरेका छन् (पृ. ३)। यस प्रकारको लेखनलाई योजनाबद्ध, पूर्वाग्रहरहित, सङ्गठित लेखनका रूपमा अभ्यास गरिन्छ। "यस प्रसङ्गमा यसलाई शैक्षिक दृष्टिले उन्नत, उच्च शिक्षा प्राप्त गरेका, कुनै विषयमा दक्षता हासिल गरेका वा स्वाध्ययन र दीर्घसाधनाबाट खारिएका लेखकका साहित्यिक वा गैरसाहित्यिक लेखनलाई प्राज्ञिक वा बौद्धिक लेखन भनिएको हो" (भण्डारी, २०७४, पृ.४)। त्यस्तै "भाषा शिक्षणमा लेखाइ सिपअन्तर्गत उत्तरवर्ती क्रियाकलापमार्फत् विकास हुने सिपको अभ्यास गराइन्छ त्यसअन्तर्गत प्राज्ञिक लेखनलाई उपल्ला कक्षाका विद्यार्थीसँग सम्बन्धित सिप मानिन्छ" (बेली, सन् २०११, पृ. ७)। यसर्थ उच्च तहमा स्तरीय र औपचारिक अभिव्यक्तिका लागि प्राज्ञिक लेखनको अभ्यास गरिन्छ।

उपल्ला तहका विद्यार्थीसँग पनि सम्बन्ध राखी त्यस लेखन कलालाई उच्च दर्जाको क्षमता बढाउने माध्यमका रूपमा अभ्यास गरिन्छ। त्यसैले "ओजस्वी भाषामा भाव व्यक्त गर्नेगरी लेख्न विद्यार्थीहरूले व्याकरण, अक्षरविन्यास र लेखनकलामा दक्षता बढाउनुपर्दछ" (अधिकारी, २०६३, पृ. ८)। ओजस्वी भाषा र लेखन कलाको सम्बन्ध बौद्धिक तथा प्राज्ञिक लेखनसँग जोडिएको छ। यस किसिमको कलाले लेखनलाई विशिष्ट, स्तरीय, बौद्धिक र औपचारिक बनाउन मद्दत गर्दछ।

त्रिभुवन विश्वविद्यालयमा विभिन्न प्रकृतिका लेखनको अभ्यास गरिन्छ। स्नातक तहमा व्यावहारिक तथा अनुसन्धानात्मक प्रकृतिका लेखनको सैद्धान्तिक अभ्यास गरिएको पाइन्छ। तिनमा लेखनका गतिविधिका रूपमा घटना प्रतिवेदन, अनुसन्धान प्रस्ताव तथा व्यावहारिक लेखन र विभिन्न प्रतिवेदनका अभ्यासहरू गरिने प्रचलन छ। त्यसैगरी स्नातकोत्तरमा सेमेस्टरको अभिप्रायस्वरूप सैद्धान्तिक रूपका उत्तरवर्ती लेखनका क्रियाकलाप गरिने चलन छ। हरेक सेमेस्टरमा गोष्ठीपत्र लेखन, अध्ययनपत्र लेखन, कृतिसमीक्षा, लेखसमीक्षा, भाषिक सम्पादन तथा कला, अनुसन्धान प्रस्ताव तथा शोधलेखन जस्ता पाठयांशलाई सैद्धान्तिक एवम् व्यावहारिक रूपले चर्चा गरिन्छ। यसैक्रममा एमफिलमा पनि प्रथम र दोस्रो सेमेस्टरमा आन्तरिक मूल्याङ्कनको एक आधारका रूपमा प्राज्ञिक लेखनका गतिविधि गर्ने र गराइने एवम् तेस्रो सेमेस्टरमा शोधलेखनकै अभ्यास गरिन्छ। नेपाली शिक्षाको विद्यावारिधिमा प्राज्ञिक लेखनकै एक तत्त्वका रूपमा शोधप्रबन्ध लेखन तथा अनुसन्धान गर्ने गराउने अभ्यास रहेको छ। प्राज्ञिक लेखन प्रशिक्षणका संस्थागत प्रयासहरू पनि भइरहेका छन्।

लेखन मापदण्डको स्पष्ट परिभाषा तथा प्राज्ञिक लेखन संस्कारका प्रवर्धनको अभाव छ। प्राज्ञिक प्रकृतिका अध्ययन अनुसन्धानको वस्तुगत र प्रयोगात्मक एवम् मानक आधार पाइँदैन। ग्रिन एन्ड लिडिन्स्की (सन् २०१६) र हाइलेन्ड (सन् २००९) का अनुसार तथ्य र प्रस्तुतिको स्पष्टता, तर्कको प्रवाह, उद्धरण प्रणालीको प्रयोगका साथै वाक्य गठनमा संयोजन एवम् अनुच्छेद संरचनाको शृङ्खलाबद्ध प्रयोग, संसक्त र उद्धरणयुक्त लेखनमा वास्तविक सक्षमताको के कति आधार हुने हो भन्ने वस्तुगत आधार भेटिएको छैन। यस सन्दर्भमा पाठ्यक्रममा अपेक्षा गरिएका नेपाली शिक्षाका विद्यार्थीहरूको प्राज्ञिक लेखनका अभ्यासका स्थितिलाई बहुआयामिक पक्षबाट विश्लेषण गर्नु जरुरी छ। आन्तरिक मूल्याङ्कनको क्रियाकलापका रूपमा राखिएका लेखन र औपचारिक लेखन कार्यको अभ्यासका स्थिति फरक देखिएका गुनासा सुनिन्छन्। भएकामध्ये विद्यार्थीपिच्छे फरक-फरक संरचनाका अभ्यास पाइन्छन्। त्यसका कारण लेखनमा एकरूपताको अभाव छ। क्याम्पस, विभाग, शिक्षक र सरोकारवालापिच्छे फरक-फरक प्रयोग छ। नेपाली शिक्षाका विद्यार्थीको प्राज्ञिक लेखनका अभ्यास, परम्परा तथा यसप्रति उनीहरूको विभिन्नताको अध्ययन गर्नु आवश्यक छ। विद्यार्थीहरूका ती लेखनमा देखा परिरहेका व्यावहारिक समस्या र अभ्यासका प्राथमिकताको गहिरो अध्ययनले नेपाली शिक्षाको लेखन अभ्यासका प्रवृत्ति पहिचानमा दीर्घकालीन योगदान पुर्याउँछ। अतः भाषिक

सिपका सन्दर्भमा विद्यार्थीको प्राज्ञिक लेखन अभ्यासका स्थितिको सर्वेक्षण र व्याख्या गर्ने विषयमा प्रस्तुत लेख केन्द्रित छ। यसले प्राज्ञिक लेखनसँग सरोकार राख्ने सरोकारवालाई प्रत्यक्ष रूपले मद्दत गर्ने भएकाले यसको उपयोगिता पनि रहेको छ।

## अध्ययनविधि

### अध्ययन ढाँचा

प्रस्तुत लेखमा परिमाणात्मक अध्ययन पद्धतिअन्तर्गत व्याख्यात्मक सर्भेको ढाँचालाई अपनाइएको छ। त्यसका लागि शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली शिक्षाको स्नातकोत्तरको कार्यक्रम सञ्चालन गरिएका क्याम्पसलाई मुख्य अध्ययन क्षेत्र बनाइएको छ। बागमती, कोशी र गण्डकी गरी तीनओटा प्रदेशका आङ्गिक, सामुदायिक र संस्थागत क्याम्पसका स्नातकोत्तर तह, तेस्रो सेमेस्टरमा अध्ययनरत विद्यार्थीलाई छनोट गरी बहुप्रतिक्रियामा आधारित बहुवैकल्पिक प्रश्नावलीको उपयोग प्राज्ञिक लेखनको अभ्यासका स्थिति र प्रकृतिको सर्भे गरिएको छ।

### अध्ययन सामग्री

प्रस्तुत लेखमा तथ्याङ्क सङ्कलन गर्न विद्यार्थीका लागि प्राज्ञिक शब्द तथा भाषा, गोष्ठीपत्र, कृतिसमीक्षा, शोधप्रस्ताव लेखन र अन्य लेखनलाई समेटिएको बहुप्रतिक्रियामा आधारित बहुवैकल्पिक प्रकृतिको प्रश्नावलीको निर्माण गरिएको थियो। त्यसमा कर्जनर एन्ड मेन्डल (सन् २०११) को लेखन ढाँचा जस्ता गुणलाई सुनिश्चित गरिनुपर्ने मान्यतालाई विशेष आधार बनाइएको थियो। हिटन (सन् १९८८); स्वेल्स एन्ड फिक (सन् २०१२); खनिया (सन् २०१३); ग्रिन एन्ड लिडिन्स्की (सन् २०१६); बिक्म्यान एन्ड अदर (सन् २०१६); एपिए (सन् २०२०); वेडम्यान एन्ड अदर (सन् २०२१) र गडफ्रे (सन् २०२१) का प्राज्ञिक साक्षरताअन्तर्गत लिखित साक्षरताका मान्यतालाई पनि विशेष प्राथमिकतामा राखिएको छ।

सहभागीको प्राज्ञिक पहिचान र पृष्ठभूमिसँग सम्बन्धित सातओटा, प्राज्ञिक लेखनसम्बन्धी अनुभव र अभ्याससँग सम्बन्धित तीनओटा र प्राज्ञिक लेखनको शैलीसँग सम्बन्धित तीनओटा गरी जम्मा १३ ओटा बहुवैकल्पिक प्रश्नको निर्माण गरी उपयोग गरिएको थियो। प्रश्नका पहिचानबाहेकका अन्य प्रश्नका हरेक विकल्पलाई सहभागीले छान्न पाउने व्यवस्था गरिएको थियो।

### उत्तरदाताको विशेषता

प्रस्तुत लेखमा डिनको कार्यालय (सन् २०२४) को अभिलेखअनुसार तेस्रो सेमेस्टर, नेपाली शिक्षाका जम्मा ६३२ जना विद्यार्थी रहेका थिए। तीमध्ये विभिन्न क्षेत्र र पृष्ठभूमिका विद्यार्थी भएकाले त्रुटिको सीमा ५% राखिएको छ। त्यसअनुसार स्लोभिनका सूत्रको उपयोग गर्दा २४५ जना विद्यार्थीको सङ्ख्या पर्याप्त हुने थियो। १०% अनुपलब्धताको दर राख्दा बहुस्तरीय क्षेत्रगत नमुना विधिका आधारमा २७० जना विद्यार्थीलाई छान्नुपर्ने हुन्छ र त्यसमध्ये प्रतिक्रिया नदिएकालाई हटाउँदा अध्ययनको वस्तुपरकताका लागि २०० जना विद्यार्थीलाई छनोट गरिएको छ। त्यसमध्ये लैङ्गिकता (छात्रा र छात्र), भाषिक वातावरण (नेपाली एकभाषी र बहुभाषी), क्याम्पसको प्रकृति (आङ्गिक, सामुदायिक, संस्थागत) गरी जम्मा तीनओटा मुख्य चरका आधारमा उत्तरदातालाई वर्गीकरण गरिएको छ।

### सामग्रीको वैधता

सामग्रीको वैधताका लागि विषयगत वैधतालाई आधार बनाइएको छ । त्यसमा अलि बढी बोधात्मक, पहिचानात्मक र व्याख्यात्मक प्रकृतिका प्रश्नावलीको उपयोग गरिनुपर्ने मान्यता पाइन्छ (हिटन, सन् १९८८) । यस लेखका लागि प्रश्नावलीको निर्माण गर्दा पनि प्राज्ञिक लेखनको परीक्षणका मान्यतालाई आधार बनाइएको छ । उद्देश्यअनुसार निर्मित प्रश्नावलीको विकल्पमा लगाएका रेजा चिह्नका आधारमा प्रतिक्रियाको लेखाजोखा गरिएको छ । काइस्क्वाएर परीक्षणका लागि हरेक विकल्पलाई क्रमशः १, २, ३ र ४ भनी कोडिङ गरिएको र एसपिएसएसमा ती विकल्पलाई ० ले 'छ' र १ ले 'छैन' लाई सङ्केत गरिएको छ । ती प्रतिक्रियालाई द्विधा प्रतिक्रियाका रूपमा कोड गरी लैङ्गिकता, भाषिक वातावरण, क्याम्पस प्रकृतिसँगको आपसी सम्बन्ध भए नभएको लेखाजोखा गरिनुका साथै प्राज्ञिक लेखनका अभ्याससँग दिइएका चरको समेत एकमुष्ठ अध्ययन गरिएको छ । स्टिकर (मि.न.) ले पनि बहुप्रतिक्रियामा आधारित तथ्याङ्कलाई आवृत्ति र प्रतिशतमा प्रस्तुत गर्नु वैज्ञानिक हुने बताएका छन् । लाभसानी एन्ड अदर (सन् २००९) का अनुसार निर्धारित मुख्य चर र बहुप्रतिक्रियाबिच रहने सम्बन्धको परीक्षण गर्नका लागि संशोधित काइस्क्वाएर विधिलाई अपनाइएको छ (पृ.५१) । "काइस्क्वाएर विधिअनुसार पि.को मूल्य सामान्य रूपमा ५% देखि १०% को स्तरमा स्वीकार्य हुन्छ । त्योभन्दा माथि देखिएमा प्राक्कल्पित कथन अस्वीकृत र सोको स्तरसम्मको मूल्य स्वीकृत हुन्छ" (आचार्य एन्ड अदर, सन् २०१३ र हेज, सन् १९८१) । काइस्क्वाएर परीक्षणका लागि कुनै सर्वेक्षित तथ्याङ्कको अपेक्षित आवृत्ति पाँच पोइन्टभन्दा बढी हुँदा पियर्सन काइस्क्वाएरको सार्थकताको मानलाई प्राक्कल्पना परीक्षणका लागि आधार मानिएको छ (हिन्टन एन्ड अदर, सन् २०१४; मिचेल, सन् २०२२) । समग्रमा प्राज्ञिक लेखनका अभ्यासका प्रकृतिको लेखाजोखाका लागि आवृत्ति र सार्थक सम्बन्धको स्तरलाई अर्थ निर्माणसँग जोडिएको छ ।

### तथ्याङ्क सङ्कलन र विश्लेषण

प्रस्तुत लेखमा तथ्याङ्क सङ्कलन गर्न बहुप्रतिक्रियामा आधारित बहुवैकल्पिक प्रश्नावलीलाई सर्भे प्रश्नका रूपमा उपयोग गरिएको छ । छनोटमा परेका क्याम्पसमा अध्ययनरत विद्यार्थीलाई भौतिक उपस्थितिका आधारमा जम्मा एक पिरिएड वा एकघण्टाको समय निर्धारण गरी प्रश्नावलीको उपयोग गरिएको छ । त्यसपश्चात प्राप्त तथ्याङ्कलाई एसपिएसएस सफ्टवेयरका माध्यमले वर्गीकरण गरिएको थियो । तथ्याङ्कको प्रस्तुतिका लागि तालिका र मान निर्धारणका लागि आवृत्ति, काइस्क्वाएर र प्रतिशताङ्क विधिलाई उपयोग गरिएको छ । त्यस प्रक्रियाबाट नेपाली शिक्षाका विद्यार्थीको प्राज्ञिक लेखन अभ्यासका प्रकृतिसम्बन्धी प्रतिक्रियाको विश्लेषण गरिएको छ ।

## नतिजा र छलफल

प्रस्तुत लेखका नतिजालाई उत्तरदाताका लैङ्गिक पक्ष, भाषिक वातावरण र क्याम्पस प्रकृति गरी जम्मा तीन उपशीर्षकका आधारमा प्रस्तुत गरिएको छ । ती प्रक्रियालाई देहायअनुसार प्रस्तुत गरिएको छ :

### उत्तरदाताको भाषिक वातावरण

उत्तरदाताको भाषिक पृष्ठभूमिअनुसार प्राज्ञिक लेखनका लागि पनि फरक-फरक भाषिक सक्षमता हुन्छ । भाषाको एकाइ र त्यसको चयनले पनि प्राज्ञिक लेखनको अभ्यास र अनुभवलाई प्रभाव पार्नसक्तछ । त्यसैलाई आधार मानी उत्तरदातालाई नेपाली एकभाषी र बहुभाषी गरी दुई वर्गमा विभाजन गरिएको थियो । त्यस आधारमा उत्तरदाताले दिएको प्रतिक्रियालाई लेखाजोखा गरी सार्थकताको मानका आधारमा व्याख्या गरिएको छ । त्यस स्थितिलाई तलको तालिका नं. १ मा प्रस्तुत गरिएको छ :

**तालिका नं. १**

*भाषिक वातावरणका आधारमा प्राज्ञिक लेखन अभ्यासको स्थिति*

| | नेपाली एकभाषी | | नेपाली द्विभाषी | | नेपाली बहुभाषी | | सार्थकताको मान * |
|---|---|---|---|---|---|---|---|
| | आवृत्ति | प्रतिशत | आवृत्ति | प्रतिशत | आवृत्ति | प्रतिशत | |
| गोष्ठीपत्र लेखन अभ्यास | १५ | ८.५७% | ४ | २२.२% | ० | ०.०% | ०.२३६ |
| कृतिसमीक्षाको अभ्यास | ३५ | २०% | ३ | १६.६६ % | ४ | ५.७१% | ०.३५८ |
| शोधप्रस्ताव लेखन अभ्यास | १३६ | ७९.७१% | १५ | ८३.३% | ३ | ४२.८५ % | ०.५२५ |
| अन्य लेखनको अभ्यास | १३ | ७.४२% | २ | ११.१% | ० | ०.०% | ०.९१९ |

*नोटः–* माथिका मुख्य चरमध्ये सर्वेक्षित मान शून्य भएकाले नेपाली र द्विभाषी तथा नेपाली र बहुभाषी दुवैलाई एकीकृत गरी गणना गरिएको मान।

तालिकाअनुसार नेपाली एकभाषी उत्तरदाताको शोधप्रस्ताव लेखन अभ्यास तुलनात्मक रूपले बढी रहेको देखिन्छ। नेपाली बुहभाषीभन्दा नेपाली एकभाषी र द्विभाषी उत्तरदाताले शोधप्रस्ताव लेखनमा अभ्यास बढी गर्ने देखिएको छ। सबैभन्दा बढी नेपाली एकभाषी उत्तरदाताले दिइएका लेखनमा अभ्यस्त रहेको देखाएका छन् भने नेपाली बहुभाषी सहभागीले गोष्ठीपत्र लेखनमा अभ्यस्त नभएको देखाएका छन्। अन्य प्रकारका लेखनमा नेपाली बहुभाषी विद्यार्थी अभ्यस्त छैनन् भने नेपाली एकभाषी विद्यार्थी नै त्यस लेखनमा पनि बढी रहेको देखिन्छ। यसको आशय नेपाली एकभाषी विद्यार्थीले नै ती लेखनको अभ्यासमा बढी अभ्यास गर्ने गरेको पाइएको छ।

भाषिक वातावरणका आधारमा उत्तरदाताको लेखन अभ्यासबिच भिन्नता देखिएको छ। यो भिन्नता काइस्क्वाएर परीक्षणमा साङ्ख्यिक दृष्टिले महत्त्वपूर्ण नभए तापनि यसले भिन्न पृष्ठभूमिका विद्यार्थीहरूको लेखन अभ्यासमा अवसर र पहुँचमा रहेको असमानता झल्काउँछ। कृतिसमीक्षा लेखनका लागि नेपाली एकभाषी र द्विभाषी विद्यार्थीहरूको प्रतिक्रिया न्यून (१६.७%) मात्र रहेको छ भने नेपाली बहुभाषी पृष्ठभूमिका अधिक (५७.१%) विद्यार्थीहरूले यो अभ्यासमा रुचि देखाएका छन्। त्यसले साहित्यिक अभ्यासप्रतिको उनीहरूको झुकाव प्रकट गर्दछ। त्यस तथ्याङ्कले प्राज्ञिक लेखनका विशेष अभ्यासहरूमा विद्यार्थीहरूको रुचि समान हुनसक्ने अवस्थालाई सङ्केत गर्छ। नेपाली एकभाषी वातावरणका न्यून विद्यार्थीहरूले अन्य लेखनको अभ्यासमा प्रतिक्रिया जनाएका छन् भने नेपाली द्विभाषी विद्यार्थीहरूको सहभागिता ११.१% छ। त्यस न्यून प्रतिशतले लेखनका फरक विधाहरूमा रुचि अभिवृद्धिका लागि थप प्रोत्साहनको खाँचोलाई देखाउँछ।

आवृत्तिका आधारमा हेर्दा नेपाली एकभाषी उत्तरदाताले शोधप्रस्ताव लेखनमा बढी अभ्यास गर्ने देखिन्छ भने बहुभाषी विद्यार्थीको औसत आवृत्ति हेर्दा शोधप्रस्ताव, कृतिसमीक्षा र गोष्ठीपत्रलाई पनि चासो दिइएको देखिन्छ। अधिकांशले शोधप्रस्ताव लेखनको अभ्यासलाई नै प्राथमिकता दिइएकाले उनीहरूले शोधपरक लेखनलाई नै प्राज्ञिक लेखनका रूपमा अपनाउने गरेको प्रस्ट हुन्छ।

प्राज्ञिक साक्षरताका दृष्टिकोणबाट हेर्दा भाषिक वातावरणका कारण लेखन अभ्यासमा देखिएको असमानता र शैक्षिक अवसरहरूमा विविधता देखिन्छ। गोष्ठीपत्र लेखन र अन्य लेखनका अभ्यासहरूमा नेपाली एकभाषी विद्यार्थीहरूको

कम सहभागिताले उनीहरूका लागि थप स्रोतसाधन र तालिमका कार्यक्रमहरूको आवश्यकता देखिन्छ । त्यसैगरी कृतिसमीक्षा र शोधप्रस्ताव लेखनमा देखिएको उच्च सहभागिताले ती अभ्यासहरू एकभाषी विद्यार्थीहरूका लागि रुचिकर र उपयोगी रहेको प्रस्ट हुन्छ ।

सामाजिक सांस्कृतिक सिद्धान्त (भिगोत्स्की, सन् १९७८) का आधारमा हेर्दा नेपाली शिक्षाका विद्यार्थीहरूको लेखन अभ्यासमा भाषिक वातावरण, सामाजिक अन्तरक्रिया र सांस्कृतिक प्रभावले महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ । यस आधारमा हेर्दा पाठ्यक्रममा विद्यार्थीहरूलाई लेखनका फरक विधाहरूमा अभ्यास गर्न बढी ध्यान दिनुपर्ने देखिन्छ । समग्रमा हेर्दा काइस्क्वाएरको परिणामले भाषिक वातावरण र लेखन अभ्यासका बिचको सम्बन्धलाई तथ्याङ्कशास्त्रीय सार्थकता नदेखाए तापनि आवृत्तिका आधारमा शोधपरक लेखनको मात्रै अभ्यास रहेको प्रतीत हुन्छ । फरक–फरक भाषिक वातावरण भए तापनि विद्यार्थीको लेखन अभ्यासमा भिन्नता छैन । लेखनमा भाषाका कारण भिन्नता हुँदैन भन्ने आशय यसमा देखिन्छ ।

### *उत्तरदाताको लैङ्गिक पृष्ठभूमि*

उत्तरदाताको लैङ्गिक पक्षअनुसार प्राज्ञिक लेखन अभ्यास र अनुभव फरक-फरक हुन्छ । त्यस भिन्नताले विद्यार्थीको लेखनमा एकरूपता कायम गर्न समस्या उत्पन्न गर्न सक्तछ । सोही आधारमा यस लेखमा पनि उत्तरदाताको लैङ्गिक पृष्ठभूमिलाई छात्रा र छात्र गरी दुई वर्गमा विभाजन गरिएको छ । त्यस आधारमा उत्तरदाताले दिएका प्रतिक्रियाको लेखाजोखा गरी सार्थकताको मानका आधारमा व्याख्या गरिएको छ । त्यस स्थितिलाई तलको तालिका नं. २ मा प्रस्तुत गरिएको छ :

**तालिका नं. २**

*लैङ्गिकताका आधारमा प्राज्ञिक लेखन अभ्यासको स्थिति*

| आधार | छात्रा | | छात्र | | सार्थकताको मान |
|---|---|---|---|---|---|
| | आवृत्ति | प्रतिशत | आवृत्ति | प्रतिशत | |
| गोष्ठीपत्र लेखन अभ्यास | १५ | ८.८२% | ४ | १३.३% | ०.४३७ |
| कृतिसमीक्षाको अभ्यास | ३१ | १८.२३% | ११ | ३६.६६% | ०.०२२ |
| शोधप्रस्ताव लेखन अभ्यास | १३२ | ७७.७४% | २२ | ७३.३% | ०.६०५ |
| अन्य लेखनको अभ्यास | १४ | ८.२३% | १ | ३.३% | ०.३४७ |

माथिको तालिकाअनुसार सबैभन्दा बढी उत्तरदाताहरू शोधप्रस्ताव लेखनमा अभ्यस्त रहेको देखिन्छ । छात्राको अन्य प्रकृतिका लेखनमा भन्दा शोधप्रस्ताव लेखनको अभ्यास बढी रहेको देखिन्छ । त्यसैगरी छात्राले पनि सबैभन्दा बढी शोधप्रस्ताव लेखनको नै अभ्यास रहेको देखाएका छन् । स्नातकोत्तर तहका सेमेस्टरका आन्तरिक मूल्याङ्कनका रूपमा गोष्ठीपत्र र कृतिसमीक्षा तथा अन्य प्रकृतिका लेखनको पनि अभ्यास गराइने व्यवस्था भए तापनि विद्यार्थीहरू बढी मात्रामा शोधप्रस्ताव लेखनमा मात्र अभ्यस्त रहेको पाइएको छ । छात्रभन्दा छात्राले शोधप्रस्ताव लेखनमा बढी अभ्यास गरेको देखिन्छ । यद्यपि कृतिसमीक्षा लेखनमा लैङ्गिक प्रभाव परेको देखिन्छ । यसको अर्थ शोधप्रस्ताव लेखनमा अधिक आवृत्ति छ भने कृतिसमीक्षामा लिङ्गले प्रभाव पारेको छ, त्यसका लागि अन्य कारण प्रभावक रहन्छन् ।

आवृत्तिका आधारमा शोधप्रस्ताव, गोष्ठीपत्र र कृतिसमीक्षा लेखनमा छात्र र छात्रा उत्तरदाताहरू बिच भिन्नता देखिएको छ। शोधप्रस्ताव लेखनमा त्यो भिन्नता कम देखिन्छ। कृतिसमीक्षा लेखनमा भने सार्थकताको मानअनुसार लैङ्गिक प्रभाव रहेको देखिन्छ। त्यसको अर्थ उत्तरदाताको लैङ्गिक पक्षले कृतिसमीक्षा लेखन प्रभावित बन्दछ। यसअनुसार छात्राले लेखेको र छात्रले लेखेको कृतिसमीक्षा फरक हुन्छ। त्यसको प्रभाव प्राज्ञिक लेखनमा पनि पर्ने देखिन्छ।

आवृत्तिका आधारमा हेर्दा पनि शोधप्रस्ताव लेखनको अभ्यास गर्ने उत्तरदाताको आवृत्ति बढी देखिएकाले शोधप्रस्ताव लेखनलाई महत्त्वपूर्ण र प्रचलित अभ्यासका रूपमा प्रस्तुत गरेको देखाउँछ। छात्रा र छात्र दुवैले शोधप्रस्ताव लेखनलाई नै प्राज्ञिक लेखनका रूपमा अपनाउने गरिएको देखिन्छ। त्यस आधारमा हेर्दा कृतिसमीक्षाबाहेक लैङ्गिकताका आधारमा छात्रा र छात्रबिच अन्य प्रकृतिका लेखन अभ्यासमा फरक देखिएको छैन। बिक्म्यान एन्ड अदर (सन् २०१६) को मान्यताअनुसार विद्यार्थीहरू शोधप्रस्ताव लेखनमा बढी साक्षर बनेको देखिन्छ भने भिगोत्स्की (सन् १९७८) का मान्यताअनुसार शोधप्रस्ताव लेखनको समूहसँग बढी अन्तरक्रिया भएका कारण त्यस लेखनमा अभ्यस्त भएको हुनसक्छ। यसमा अन्य चरको पनि अध्ययन गर्नुपर्ने देखिन्छ। नेपाली शिक्षाका विद्यार्थी शोधप्रस्ताव लेखनमा अत्यधिक अभ्यस्त रहेकाले अन्य प्रकृतिका लेखनले उनीहरूलाई प्रभाव पर्न सक्तछ। यद्यपि छात्रा र छात्राले लेख्ने कृतिसमीक्षा फरक हुनुका पछाडि उनीहरूको सामाजिक सांस्कृतिक अन्तरक्रिया (भिगोत्स्की, सन् २०७८) ले प्रभाव पारेको देखिन्छ। साहित्यिक वा कृतिसमीक्षामा अभ्यस्त व्यक्तिसँगको सङ्गतले उनीहरूमा त्यो प्रभाव परेको हो। तसर्थ त्यस पक्षबारे पनि अध्ययन गर्नुपर्ने अवस्था देखिन्छ।

**उत्तरदाताको क्याम्पस पृष्ठभूमि**

उत्तरदाताको क्याम्पसको पृष्ठभूमिले पनि प्राज्ञिक लेखनको अभ्यासमा भिन्नता सिर्जना गर्दछ। आङ्गिक, सामुदायिक र संस्थागत क्याम्पसका वातावरण, मान्यता र अभ्यासका कारण विद्यार्थीको लेखन प्रभावित हुनसक्छ। सोही आधारमा प्राज्ञिक लेखन अभ्यास र अनुभव फरक-फरक हुन्छ। क्याम्पसपिच्छे फरक मान्यता र त्यसको भिन्नताले विद्यार्थीको लेखनमा एकरूपता कायम गर्न समस्या उत्पन्न गर्दछ। सोही आधारमा यस लेखमा पनि उत्तरदाताका क्याम्पसको पृष्ठभूमिलाई आङ्गिक, सामुदायिक र संस्थागत गरी तीन वर्गमा विभाजन गरिएको छ। त्यस आधारमा उत्तरदाताले दिएको प्रतिक्रियालाई लेखाजोखा गरी सार्थकताको मानका आधारमा व्याख्या गरिएको छ। त्यस स्थितिलाई तलको तालिका नं. ३ मा प्रस्तुत गरिएको छ :

**तालिका नं. ३**

*क्याम्पस प्रकृतिका आधारमा प्राज्ञिक लेखन अभ्यासको प्रकृति*

| | गोष्ठीपत्र लेखन | | कृतिसमीक्षा लेखन | | शोधप्रस्ताव लेखन | | अन्यप्रकृतिका लेखन | | सार्थकताको मान |
|---|---|---|---|---|---|---|---|---|---|
| | आवृत्ति | प्रतिशत | आवृत्ति | प्रतिशत | आवृत्ति | प्रतिशत | आवृत्ति | प्रतिशत | |
| आङ्गिक | ९ | ८.८२% | 20 | १९.६% | ७९ | ७७.४५% | ७ | ६.८६% | ०.४४६ |
| सामुदायिक | ९ | १२.३२% | १६ | २१.३% | ५६ | ७४.६६% | ६ | ८% | ०.८६४ |
| संस्थागत | १ | ४% | ६ | २४.१% | १९ | ७६% | २ | ८% | ०.९८५ |

तालिकाअनुसार शोधप्रस्ताव लेखनमा सामुदायिक र संस्थागत क्याम्पसभन्दा आङ्गिक क्याम्पसका उत्तरदाताले बढी अभ्यास गर्ने गरेको देखिन्छ । त्यसैगरी कृतिसमीक्षा लेखनमा पनि आङ्गिक क्याम्पसका विद्यार्थीले बढी अभ्यास गर्ने देखिन्छ भने सामुदायिक क्याम्पसका विद्यार्थी पनि अभ्यस्त हुँदैगएको पाइन्छ । यसअनुसार सामुदायिक र संस्थागत क्याम्पसका विद्यार्थीले भन्दा आङ्गिक क्याम्पसका विद्यार्थीले शोधप्रस्ताव लेखनको अभ्यास बढी गर्ने देखिएको छ । ती लेखनभन्दा अन्य प्रकृतिका लेखनमा पनि आङ्गिक र सामुदायिक क्याम्पसको समानस्तरकै अभ्यास देखिन्छ भने संस्थागत क्याम्पसका विद्यार्थीहरूका कम सहभागिता रहेको पाइन्छ । समग्रमा हेर्दा आङ्गिक र सामुदायिक क्याम्पसका विद्यार्थी गोष्ठीपत्र लेखनमा समान अभ्यास गर्ने र संस्थागत क्याम्पसका विद्यार्थीले एकदमै न्यून अभ्यास गर्ने देखियो । लेखन प्रकृतिका सन्दर्भमा हेर्दा आङ्गिक क्याम्पसका विद्यार्थी बढी अभ्यस्त रहेको र अन्य क्याम्पसका विद्यार्थीमा अभ्यासको कमी भएकाले न्यून सहभागिता रहेको देखिन्छ ।

क्याम्पसको प्रकृतिमध्ये आङ्गिक सामुदायिक र संस्थागत क्याम्पसका उत्तरदातालाई प्रमुख चर मानी ती चर र आश्रित चरहरू बिच काइस्क्वाएरका आधारमा लेखाजोखा गर्दा क्याम्पसका प्रकृतिले उत्तरदाताको प्राज्ञिक लेखनलाई प्रत्यक्ष प्रभाव पारेको देखिँदैन । यसमा क्याम्पस फरक परे तापनि उनीहरूको लेखन प्रभावित हुँदैन भन्ने देखिन्छ । आवृत्तिका आधारमा हेर्दा सबै प्रकृतिका क्याम्पसका विद्यार्थीले शोधप्रस्ताव लेखनको अभ्यास बढी गर्ने गरेको देखिन्छ । सबैभन्दा कम गोष्ठीपत्र र अन्य प्रकृतिका लेखनको अभ्यास गर्ने गरेको देखिन्छ । त्यसले प्राज्ञिक लेखनका अन्य स्वरूपका  लेखनमा भन्दा शोधपरक लेखनमा मात्र बढी अभ्यास हुने स्थितिलाई देखाउँछ । त्यसकारण प्राज्ञिक लेखनलाई शोधपरक लेखनका रूपमा मात्रै अपनाइने गरिएको स्थिति देखिन्छ । क्याम्पसले प्रभाव नपारे तापनि विद्यार्थीको अभ्यास एकल प्रकृतिको देखिन्छ । शोधप्रस्ताव लेखनको मात्र अभ्यासमा अधिक विद्यार्थी देखिनु अनुसन्धानमा आधारित प्राज्ञिक लेखनमा प्रवृत्त रहेको पुष्टि हुन्छ । हरेक प्रकृतिका क्याम्पसमा सोही अनुसन्धान लेखनलाई नै प्राज्ञिक लेखनका रूपमा अभ्यास हुनेगरेको प्रस्ट देखिन्छ । तसर्थ स्नातकोत्तर तहका विद्यार्थीले पनि अनुसन्धान लेखनलाई नै प्राज्ञिक लेखन मान्ने गरेको पाइन्छ ।

## छलफल

प्राज्ञिक लेखनको अभ्याससम्बद्ध छओटा र प्राज्ञिक पहिचानसँग सम्बन्धित थिमका आधारमा सङ्कलित तथ्याङ्कको विश्लेषण र अर्थ निर्माण गरी निष्कर्षको संयोजन गरिएको छ । प्राज्ञिक लेखनका सन्दर्भमा विद्यार्थीहरूले शोधपरक लेखनको अभ्यास बढी गर्नेगरेको पाइएको छ । प्राज्ञिक लेखनको एक शैली शोधपरक लेखन हो । शोधपरक लेखन प्राज्ञिक हुनुपर्छ भन्ने मान्यता छन् । विद्यार्थीहरू शोधपरक लेखनलाई नै प्राज्ञिक लेखनका रूपमा अपनाउने अभ्यासमा देखिएका छन् । पाण्डेय (सन् २०२०) ले लेखनका पक्षहरूमा नेपाली विश्वविद्यालयका विद्यार्थीहरू कमजोर रहेको नतिजा देखाएका छन् । यस अध्ययनमा पनि त्यतिधैरै कमजोरभन्दा पनि अनुभवमा विविधता भएका कारण शोध प्रकृतिको लेखनमा बढी केन्द्रित भएको देखिन्छ । त्यसैगरी नेपाली एकभाषी, छात्रा र आङ्गिक क्याम्पसका विद्यार्थीहरूले पनि सबैभन्दा बढी शोधप्रस्ताव लेखनको अभ्यास गर्ने गरेको देखिन्छ । जोशी (सन् २०२०) ले नेपाली विश्वविद्यालयका विद्यार्थीले थेसिस लेखन, कृति समीक्षा, टर्म पेपर, निबन्ध लेखन जस्ता पक्षमा अभ्यास गर्ने गरेको देखाएका छन् । यस अध्ययनमा पनि विद्यार्थीहरू शोधप्रस्ताव लेखनमा नै बढी अभ्यस्त रहेको देखिन्छ । अनुसन्धानात्मक लेखनकै प्रवृत्ति बढी रहेकाले प्राज्ञिक लेखनमा पनि सोही प्रवृत्ति रहेको देखिन्छ । यसर्थ प्राज्ञिक लेखनअनुसार लेखनको अभ्यासमा वृद्धि गर्ने वातावरणको निर्माण गर्नुपर्ने आवश्यकता छ । त्यसका साथै छात्राका तुलनामा छात्र विद्यार्थीलाई पनि लेखनका गतिविधिमा आकर्षित गर्नुपर्ने देखिएको छ । ज्ञान, सूचना र शैलीको

विकास गर्नका लागि प्राज्ञिक लेखनका सिपको विकास गर्नुपर्ने भएकाले त्यससम्बन्धी चासो दिनुपर्ने देखिएको छ । शिक्षक, कक्षाकोठा, शिक्षण प्रशिक्षण, नीति तथा अन्य पक्षको पनि अनुभव र अभ्यासको अध्ययन गरी त्यसबाट प्राज्ञिक लेखनका अभ्यास वृद्धि गर्ने मार्ग निर्माण, समस्या, चुनौती र समाधानका उपायको खोजी गर्नुपर्ने देखिएको छ ।

प्राज्ञिक लेखनका सन्दर्भमा ज्ञानको निर्माण गर्नुपर्ने स्थितिमा विद्यार्थीका प्रत्यक्ष प्रतिक्रियाको सङ्कलन गरी अध्ययन गर्नु यस लेखको सबल पक्ष हो । यसबाट प्राप्त प्राथमिक सूचनाले नेपाली शिक्षाका सन्दर्भमा प्राज्ञिक लेखनका विविध स्वरूप, अभ्यास र गतिविधिको पहिचान, अध्ययन गर्न र विश्लेषण गर्न प्रस्ट मार्ग प्रदान गरेको छ । शोधपरक अभ्यास गरिरहेका विद्यार्थीलाई प्राज्ञिक लेखनका सन्दर्भबाट तथ्याङ्कमा जोड्नु र त्यसका आधारमा अध्ययनमा जोड्नु अध्ययनको सीमा बनेको छ । त्यसका साथै उनीहरूलाई प्रभाव पार्ने शैक्षणिक सामग्री, सूचना र सहयोगी वातावरणबाट उत्पन्न प्रभाव नियन्त्रण हुन सकेको छैन । विश्वविद्यालय शिक्षामा प्राज्ञिक लेखनको विकास, गुणस्तर वृद्धि र वस्तुगत अभ्यासमा विद्यार्थीलाई सक्षम बनाउन तथा शिक्षकलाई समेत यसतर्फ अद्यावधिक बनाउन यस अध्ययनले अपेक्षा गरेको छ । यसका लागि कमजोरी, असमान अभ्यास, दृष्टिकोण, शिक्षक धारणा, सरोकारवालाका मतको सङ्कलन गरी कारण, प्रभाव र समाधानका उपायबारे अध्ययन गर्ने मार्ग निर्माण गर्न सकिन्छ ।

## निष्कर्ष

प्रस्तुत लेखमा नेपाली शिक्षाका विद्यार्थीको प्राज्ञिक लेखनका अभ्यासको प्रकृतिका स्थितिको सर्वेक्षण गरिएको छ । प्राज्ञिक लेखनका सन्दर्भमा विद्यार्थीले गरिरहेका अभ्यासमा शोधपरक लेखनको आवृत्ति बढी भएको र विद्यार्थीको लैङ्गिकताले प्रत्यक्ष प्रभाव पार्ने देखिएको छ । शोधपरक (शोधप्रस्ताव) लेखनको अभ्यासमा अधिकांश विद्यार्थीले अभ्यास गर्ने गरेको पाइयो भने साहित्यसम्बन्धित कृतिसमीक्षाको लेखनमा न्यून विद्यार्थीमात्र सक्रिय रहेको पाइयो । त्यसले विद्यार्थीहरू साहित्यिक लेखनभन्दा शोधपरक लेखनमा नै बढी अभ्यस्त छन् भन्ने देखाउँछ । शोधपरक लेखन भनेको प्राज्ञिक लेखनको एक शैली भएकाले शोधपरक लेखनमा अभ्यस्त रहनु विद्यार्थीका लागि सकारात्मक पक्ष हो । विद्यार्थीको लैङ्गिक पृष्ठभूमि फरक पर्नेसाथ लेखन अनुभव फरक पर्नसक्ने तथा उनीहरूको भाषिक एकाइ चयनलाई त्यस पृष्ठभूमिले प्रभाव पार्ने पक्ष चुनौतीपूर्ण रहेको छ । नेपाली एकभाषी विद्यार्थीभन्दा बहुभाषी नेपालीलाई प्राज्ञिक लेखन तुलनात्मक रूपमा जटिल लाग्न सक्ने देखिएको छ भने छात्रभन्दा छात्र विद्यार्थी यस्तो लेखनप्रति बढी संवेदनशील, सक्रिय र जिम्मेवार बनेको पाइएको छ । त्यसका साथै आङ्गिक क्याम्पसका विद्यार्थी नै प्राज्ञिक लेखनका अभ्यासमा बढी सचेत र सक्रिय रहेको देखिन्छ । यस्तो लेखनलाई कुनै पनि पृष्ठभूमि, लिङ्ग, भाषा, क्याम्पस तथा सूचनाभन्दा माथि राख्नुपर्ने देखिन्छ । प्राज्ञिक लेखनलाई औपचारिक, वस्तुपरक र प्रामाणिक प्रकृतिको लेखनका रूपमा अभ्यास गराउनु जरुरी देखिन्छ ।

## कृतज्ञताज्ञापन

प्रस्तुत लेख विद्यावारिधि अध्ययनको शीर्षक, विषय, तथ्याङ्क र विधिसँग सम्बन्धित छ । विद्यावारिधि अध्ययन प्रयोजनार्थ  छात्रवृत्ति प्रदान गर्ने विश्वविद्यालय अनुदान आयोग, सानोठिमीप्रति कृतज्ञताज्ञापन गर्दै सहयोगी सबै संघ, संस्था र व्यक्तिप्रति आभार प्रकट गर्दछु ।

## सन्दर्भ सामग्री

अधिकारी, हेमाङ्गराज (२०६७), *भाषा शिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति* (चौथो संस्क.), विद्यार्थी पुस्तक भण्डार।

अमेरिकन साइकोलोजिकल एसोसिएसन (सन् २०२०), *पब्लिकेसन म्यानुअल अफ दि अमेरिकन साइकोलोजिकल एसोसिएसन* (सेभेन्थ एड.) अमेरिकन साइकोलोजिकल एसोसिएसन।

अस्नहवि, बि.एम., एन्ड पेटर्स, ए. आइ. (सन् २०२३), साइन्टिफिक रिसर्च स्याम्पल साइज डिटर्मिनेसन, *द इन्टरनेसनल जर्नल अफ साइन्स एन्ड टेक्नोलोजी, ११*(७), ८–१२ । 10.24940/theijst/2023/v11/i7/ST2307008/ https://www.researchgate.net/publication

ओसिमा, ए., एन्ड हग, एन. (सन् २००७), *इन्ट्रोडक्सन टु एक्याडेमिक राइटिङ*, अक्सफोर्ड प्रेस।

कर्टिस, जे. (सन् २०१४), *लङम्यान एक्याडेमिक राइटिङ सेरिज (३) : प्याराग्राफ टु एस्सेज* (फोर्थ एड.), पर्सन एजुकेसन।

किर्जनर, जि. एल., एन्ड मन्डल, आर.एस.(सन् २०१२), *प्यार्टर्न फर कलेज राइटिङ* (ट्वेल्भ एड.), बेडफोर्ड सेन्ट मार्टिन्स।

कोठारी, सि.आर. (सन् २००४), *रिसर्च मेथोडोलोजी : मेथोड्स एन्ड टेक्निक्स* (सेकेन्ड एड.), न्यू एज इन्टरनेसनल।

कोफिन, सि., करी, एम.जे.,गुडम्यान, एस., हेविङ्स, ए., लिलिज, टि.एम., एन्ड स्वान, जे. (सन् २००३), *टिचिङ एक्याडेमिक राइटिङ*, रुटलेज।

कोहन, लु., मनियन, लउ. र मोरिसन, के. (सन् २०१८), *रिसर्च मेथोड्स इन एजुकेसन* (ऐट्थ एड.), रुटलेज टैलर एन्ड फ्रान्सिस ग्रुप।

क्रस्वेल, जे.डब्लु, एन्ड क्रस्वेल, जे. डि.(सन् २०२३), *रिसर्च डिजाइन* (सिक्स्थ एड.), सेज पब्लिकेसन।

क्लिङ्नर, के.जे., स्कालन, डि.एन्ड प्रेस्ली, एम. (सन् २००५), *हउ टु पब्लिस इन स्कोलर्ली जर्नल्स*, एजुकेसनल रिसर्चर, सेज पब्लिकेसन्स। https://journals.sagepub.com/doi/10.3102/0013189X034008014

क्यासानेभ, सि.पि. (सन् २००२), *राइटिङ गेम्स : मल्टिकल्चरल केस स्टडिज अफ एक्याडेमिक लिट्रेसी प्राक्टिसेज इन हाइएर एजुकेसन*, लाउरेन्स इआरएलबौम एसोसिएट्स पब्लिसर्स।

खनाल, पेशल (२०८०), *शैक्षिक अनुसन्धान पद्धति* (चौथो संस्क.) सनलाइट पब्लिकेसन।

खनिया, टि.आर. (सन् १९९०), *एक्जामिनेसन्स एज इन्ट्रुमेन्ट्स फर एजेकेसनल चेन्ज : इन्भेस्टिगेटिङ द वासब्याक इफेक्ट अफ द नेप्लिज इङ्लिस इक्जाम्स* (अनपब्लिस्ड पिएचडी डिजर्टेसन), युनिभर्सिटी अफ इडिन्बर्ग।

खनिया, टि. आर. (सन् २०१३), *एक्जामिनेसन फर इन्ह्यान्स्ड लर्निङ* (सेकेन्ड एड.), एजुकेसन एन्ड डेभ्लप्मेन्ट सर्भिस सेन्टर।

ग्राफ, जि.एन्ड बिर्केन्स्टैन, सि. (सन् २०१०), दे *से आइ से* (सेकेन्ड एड.), डब्लु.डब्लु. नर्टन एन्ड कम्पनी।

ग्रिन, एस., एन्ड लिडिन्स्की, ए. (सन् २०१६), *फ्रम इन्क्वायरी टु एक्याडेमिक राइटिङ* (थर्ड एड.), बेडफोर्ड र सेन्टफर्टिनन्स्।

ग्रोभ्स, आर.एम., फाउलर, एफ.जे., काउपर, एम.पि., लेप्काउस्की, जे.एम., सिङ्गर, इ.,एन्ड टौरागेन, आर. (सन् २००४), *सर्भे मेथोडोलोजी*, जोन विले एन्ड सन्स इन्क.।

जोन्सन, पि.ए. (सन् २०१६), *एक्याडेमिक राइटिङ प्रोसेस एन्ड प्रोडक्ट*, रौमेन एन्ड लिटलफिल्ड पब्लिसर्स।

जोरोँगो, एम. आर., एन्ड सरागो, एन. ओ. (सन् २०१६), *राइटिङ् फर पब्लिकेसन ट्रान्जिसन्स एन्ड टुल्स द्याट सपोर्ट स्कोलर्स सक्सेस*, स्प्रिङगर इन्टरनेसनल पब्लिसिङ् स्विटजरलैन्ड । https://worldcat.org/en/title/933437929

जोशी, बि. (सन् मि.न.), *एक्याडेमिक राइटिङ प्राक्टिसेज अमोङ मास्टर्स डिग्री स्टुडेन्ट्स इन द नेपलिज युनिभर्सिटीज*, त्रिभुवन युनिभर्सिटीज।

जोसेफ, एम. (सन् २०१७, जुन), स्ट्राटेटिज फर डेभ्लपिङ इङ्लिस एक्याडेमिक राइटिङ स्किल्स, *अरब वर्ड इङलिस जर्नल, ८*(२) **। https://dx.doi.org/10.24093/awej/vol8no2.1**

टर्नर, के., क्रेनुस, बि., आएरलेन्ड, एल.,एन्ड पोइन्टन, एल.(सन् २०११), *इसेन्सियल एक्याडेमिक स्किल्स* (सेकेन्ड एड.), अक्सफर्ड युनिभर्सिटी प्रेस।

डेन अउडेन, पि. एन्ड रोय, एस. (सन् २०१८), *एक्याडेमिक राइटिङ : अ कम्प्लेट गाइड* (थर्ड एड.), क्यानाडियन स्कोलर्स प्रेस।

नर्दन्टफ्ट, एम. (सन् २०२२), *जर्नल अफ एक्याडेमिक राइटिङ*, टिन वाइरेनफेल्ड जेन्सन साउथर्न युनिभर्सिटी, डेनमार्क, १२, ५० –६७ , http://dx.doi.org/10.18552/joaw.v12i1.840

नेलर, जे., किलिङब्याक, सि.एन्ड ग्रिन, ए.(सन् २०२४), एन एक्प्लोरेसन अफ पर्सन सेन्टर्रडनेस अमोङ एमर्जेन्सी डिपार्टमेन्ट फिजिओथेरापिस्ट्स : अ मिक्स्ड मेथोड्स स्टडी, *डिजाबिलिटी एन्ड रिहाबिलिटेसन*, ४६, https://doi.org/10.1080/09638288.2024.2310179

पाण्डेय, जि.पि.(सन् २०२०), अनप्याकिङ राइटिङ निड्स अफ नेप्लिज युनिभर्सिटी स्टुडेन्ट्स, *इन्टरनेसनल जर्नल अफ ल्याङ्वेज एन्ड लिटरेरी स्टुडिज,* २(२), २५७–२६९। http://doi.org/10.36892/ijlls.v2i2.275

पेटर्स, एम. एन्ड फेब्रिगुज, एस. (सन् २०२४), मिस्ड अपर्चुनिटीज इन मिक्स्ड मेथोड्स एडटेक रिसर्च : भिजुअल जोइन्ट डिस्प्ले डेभलपमेन्ट एज एन एनालाइटिकल स्ट्राटेजी फर एचिभिङ एन्टेग्रेसन इन मिक्स्ड मेथोड्स स्टुडिज, *एजुकेसन टेक रिसर्च डेभ*, ७२, २४७७–२४९७। https://doi.org/10.1007/s11423-023-10234-z

पेन्डिभाइल, पि. (सन् २००४), *डेभलपिङ् फेसिलिटेसन स्किल्स् : अ हेन्डबुक फर ग्रुप फेसिलिटेटर्स*, कम्ब्याट पोभर्टी एजेन्सी।

बेली, एस्. (सन् २०११), *एक्याडेमिक राइटिङ : अ हेन्डबुक फर इन्टरनेसनल स्टुडेन्ट्स*, लन्डन प्रेस एन्ड पब्लिसर्स।

बिक्म्यान, एल., डुबे, सि.,पोट्जिटर, एच.,एन्ड अन्डरहिल, जे. (सन् २०१०), एक्याडेमिक लिटरेसी एन्ड द रोल अफ राइटिङ् इन हाइएर एजुकेसन, *जर्नल अफ एजुकेसनल रिसर्च,* १५(२), १३२–१४५।

बिक्म्यान, एल., डुबे, सि.,पोट्जिटर, एच.,एन्ड अन्डरहिल, जे. (सन् २०१६), *एक्याडेमिक लिटरेसी* (सेकेन्ड एड.), जुटा एन्ड कम्पनी।

बुथ, डब्लु.सि. एन्ड अदर (सन् २०१६), द *क्राफ्ट अफ रिसर्च* (फोर्थ एड.), युनिभर्सिटी अफ सिकागो प्रेस।

बेल्बासे, के. (सन् २०२५), *इङ्लिस ल्याङ्ग्वेज टिचर्स एक्पेरिएन्स अन एन्हान्सिङ स्टुडेन्ट्स राइटिङ स्किल्स : अ न्यारेटिभ इक्वाएरी*, मास्टर्स अफ एजुकेसन इन एङ्लिस ल्याङ्ग्वेज टिचिङ (अनपब्लिस्ड थेसिस), काठमाडौँ युनिभर्सिटी।

बोयले, जे., रामसै, एस. एन्ड स्ट्रउन, ए. (सन् २०१९), दि एक्याडेमिक राइटिङ स्किल्स् प्रोग्राम : अ मोडेल फर टेक्नोलोजी एन्हान्स्ड, ब्लेन्डेड डेलिभरी अफ एन प्राज्ञिक लेखन प्रोग्राम, *जर्नल अफ युनिभर्सिटी टिचिङ एन्ड लर्निङ् प्राक्टिस,*१६, १-१४।

ब्राउन, एच. डि. (सन् २००४), *ल्याङ्ग्वेज एसेस्मेन्ट : प्रिन्सिपल्स् एन्ड क्लासरुम प्राक्टिसेज*, पर्सन एजुकेसन, लङ्मैन।

ब्राउन, एच. (सन् २०२०), *वाट इज एक्याडेमिक राइटिङ ? अ कम्प्लेट गाइड* । DOI: 10.1016/S1075-2935(03)00018-7

भण्डारी, पारसमणि (२०७४), *प्राज्ञिक लेखन तथा सम्पादन*, विद्यार्थी पुस्तक भण्डार।

भण्डारी, एल.पि. (सन् २०२०), टिचिङ राइटिङ थ्रो टास्क बेस्ड इन्स्ट्रक्सन : एक्प्लोरिङ इङ्लिस टिचर्स एक्पेरिन्सेज, *इन्टरनेसनल जर्नल अफ ल्याङ्ग्वेज एन्ड लिटररी स्टडिज, २*(४), १७७–१८७। http://doi.org/ 10.36892/ijlls.v2i4.466

भण्डारी, बि. एल. (सन् २०२४), च्यालेन्जेज अफ टिचिङ एन्ड लर्निङ राइटिङ स्किल्स इन नेप्लिज इङ्लिस क्लासेज, *त्रिभुवन युनिभर्सिटी जर्नल,* ३९(१), ५०–६२। DOI: https://doi.org/10.3126/tuj.v39i1.66667

भिगोत्स्की, एल.एस. (सन् १९७८), *माइन्ड इन सोसाइटी : द डेभलपमेन्ट अफ हाइएर साइकोलोजिकल प्रोसेस*, हार्वर्ड युनिभर्सिटी प्रेस।

मिचेल्स्, जे., बि. (सन् २००५), अ रुब्रिक फर कम्पाइरिङ् डिस्सिमिलर टेक्स्ट मटेरियल्स्, www.researchgate. scientificjournal, p. 69–70. DOI: 10.1007/BF02784906.

मिचेल, पि. जे. (सन् २०२२), *एक्पेरिमेन्टल डिजाइन एन्ड स्टाटिस्टिकल एनालाइसिस फर फार्माकोलोजी एन्ड द बायोमेडिकल साइन्सेज* (थर्ड एड.), जोन विले एन्ड सन्स।

मुरे, आर. एन्ड मोर, एस. (सन् २००६), *दि हेन्डबुक अफ एक्याडेमिक राइटिङ अ फ्रेस अप्रोज*, ओपेन युनिभर्सिटी प्रेस।

याकोन्तोभा, टि. भि. (सन् २००३), *इङ्लिस एक्याडेमिक राइटिङ, द इन्टरनेसनल रिसर्च एन्ड एक्स्चेन्जेज बोर्ड* (IREX). ISBN 966-7651-11-8.

र्यान, टि.पि.(सन् २०१३), *स्याम्पल साइज डिटर्मिनेसन एन्ड पावर*, जोन विले एन्ड सन्स, इन्क।

लम्साल, रामचन्द्र र खनाल, राजेन्द्र (२०७८), *प्राज्ञिक तथा सुजनात्मक लेखन र सम्पादन*, सनलाइट पब्लिकेसन।

लेकी, आइ. (सन् १९९८), *एक्याडेमिक राइटिङ एक्प्लोरिङ् प्रसेस एन्ड स्ट्राटेजिज* (सेकेन्ड एड.), क्याम्ब्रिज युनिभर्सिटी प्रेस।

वालवर्क, ए. (सन् २०११), *इङ्लिस फर राइटिङ् रिसर्च पेपर्स*, स्प्रिङ्गर न्यूयोर्क।

सिंह, ए.एस., एन्ड म्यासुकु, एम. (सन् २०१४, नोभेम्बर), स्याम्लिङ टेक्निक्स एन्ड डिटर्मिनेसन अफ स्याम्पल साइज इन अप्लाइड लिङ्ग्विस्टिक्स रिसर्च : एन ओभरभ्यू, *इन्टरनेसनल जर्नल अफ कमर्स एन्ड मेनेज्मेन्ट, २*(११), १–२२। https://www.researchgate.net/publication/341552596

सिंह, आर. ए. (सन् २०२०), अ स्टुडी अफ रिटन इङ्लिस इन नेपाल, *त्रिभुवन युनिभर्सिटी जर्नल,* ३५(२), १३५-१५०। https://doi.org/10.3126/tuj.v35i2.36199

स्कुनेन्बुम, जे.एन्ड जोन्सन, आर.बि. (सन् २०१७), हाउ टु कन्स्ट्रक्ट अ मिक्स्ड मेथोड्स रिसर्च डिजाइन, *स्प्रिङ्ग्नर,* ६९, १०७–१३१। DOI 10.1007/s11577-017-0454-1

स्ट्रिट, बि. (सन् २००४), एक्याडेमिक लिटेरेसिज एन्ड द न्यू अर्डस्, इम्प्लिकेसन्स फर रिसर्च एन्ड प्राक्टिस, *ल्याङ्ग्वेज एन्ड एजुकेसन, १८*(४), ३१२–३१६।

स्टिकर, पि.(मि.न.), *एसपिएसएस : मल्टिपल रेस्पोन्स टेबल* (भाय मल्टिपल रेस्पोन्स), *http://peterstatistics.com*

स्वेल्स्, एम.जोन एन्ड फिक, बि.सि. (सन् २०१२), *एक्याडेमिक राइटिङ फर ग्राजुएट स्टुडेन्ट्स्* (थर्ड एड.), http://www.press.umich.edu/titleDetailDesc.do?id=2173936

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६८), *नेपाली भाषाशिक्षणका सन्दर्भहरू*, विद्यार्थी पुस्तक भण्डार।

शर्मा, वि. (सन् २०२०), *रिडिङ्स इन बेसिक एक्याडेमिक राइटिङ*, सनलाइट पब्लिकेसन।

शेर्मा, अ. बि. (सन् २०२४), राइटिङ फर स्पेसिफिक अडियन्सेज : अ कम्प्यारेटिभ स्टडी अफ टिचिङ राइटिङ इन नेपाल एन्ड द यु.एस., *जर्नल अफ इएलइ प्राक्सिस, १*(१), २४–३५। https://doi.org/10.51474/elepraxis.v1i1.551

हाइलेन्ड, के. (सन् २००९), *टिचिङ एन्ड रिसर्चिङ राइटिङ* (सेकेन्ड एड.), पर्सन एजुकेसन लिमिटेड।

हार्मर, जे. (२००३), द *प्राक्टिस अफ इङ्लिस ल्याङ्वेज टिचिङ* (थर्ड एड.), पर्सने एजुकेसन लिमिटेड।

हार्टली, जे. (सन् २००८), *एक्याडेमिक राइटिङ एन्ड पब्लिसिङ*, रुटलेज टेलर एन्ड फ्रान्सिस्।

हिटन, जे. बि. (सन् १९८८), *राइटिङ इङ्लिस ल्याङ्ग्वेज टेस्टस* (सेकेन्ड एड.), लङ्म्यान।

हिन्टन, पि. आर., म्याक्मुरे, आइ., एन्ड ब्राउनलो, सि.(सन् २०१४), *एसपिएसएस एक्स्प्लेन्ड* (सेकेन्ड एड.), रुटलेज।

हेज, डब्लु. एल. (सन् १९८१), *स्टाटिस्टिक्स* (थर्ड एड.), हल्ट, रिनेहार्ट, एण्ड विन्सटन, इन्क.।

ह्युजेज, आर. (सन् २०११), *टिचिङ एन्ड रिसर्चिङ स्पिकिङ* (सेकेन्ड एड.), पियर्सन।